


राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ९३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख ४ गते आइतबार ❑ 17 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## अन्तर्राष्ट्रिय विमानस्थल २४सै घण्टा सञ्चालन हुने

**रासस**
**काठमाडौं, ३ बैशाख**

अन्तर्राष्ट्रिय विमानस्थल आगामी जेठ १५ गतेदेखि २४सै घण्टा सञ्चालनमा आउने भएका छन् । बढ्दो हवाई उडान चाप व्यवस्थापनका लागि नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले अन्तर्राष्ट्रिय विमानस्थललाई २४सै घण्टा सञ्चालन गर्ने तयारी गरेको हो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टिआइए)सहित गौतमबुद्ध अन्तर र्राष्ट्रिय विमानस्थल र निर्माणाधीन पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल पनि अब २४सै घण्टा सञ्चालन हुने प्राधिकरणले जनाएको छ । प्राधिकरणका महानिर्देशक इञ्जिनीयर प्रदीप अधिकारीले जेठ १५ गते गणतन्त्र दिवसका दिनदेखि टिआइएलाई २४सै घण्टा सञ्चालन गर्न लागिएको जानकारी दिनुभयो। उहाँले कोभिड महामारीपछि बढेको हवाई चापलाई व्यवस्थापन गर्न काठमाडौँको विमानस्थललाई २४सै घण्टा सञ्चालन गर्ने निर्णय भएको बताउनुभयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको विशेष चासो र सक्रियतामा मुलुकको हवाई उड्डयन क्षेत्रमा सुधारात्मक प्रयास भइरहेको छ । त्यसैको प्रतिफलस्वरुप तीन अन्तर र्राष्ट्रिय विमानस्थलसहित देशैभरका विमानस्थलको पूर्वाधार विकास र सेवा सुदृढीकरणका लागि प्राधिकरण लागिपरेको प्राधिकरणले जनाएको छ । विमानस्थलको आधुनिकीकरण र व्यवसायीकरणका लागि पर्यटनमन्त्री आलेले सहजीकरण गरिदिनुभएको छ। मन्त्री आलेकै पालामा टिआइए २४ घण्टा सञ्चालनमा आउन लागेको हो । "पर्यटनमन्त्री आलेको बोर्ड बैठकमा पटकपटकको निर्देशनबमोजिम प्राधिकरणले आन्तरिक गृहकार्य गरेर यो योजना सार्वजनिक गरेको हो", सञ्चारकर्मीसँग कुरा गर्दै महानिर्देशक अधिकारीले भन्नुभयो ।

कोभिडपछि अन्तर्राष्ट्रिय विमानस्थल र आन्तरिक विमानस्थलमा उडान चाप बढेको छ । उडान चाप बढ्नु सुखद् पक्ष पनि हो । हवाई यातायातको बढोत्तरी मुलुकको अर्थतन्त्रका लागि पनि धेरै राम्रो अवसर भएको प्राधिकरणको बुझाइ छ । साथै यसको व्यवस्थापनमा चुनौती उत्तिकै छन् । त्यसैले विमानस्थलको प्रभावकारी व्यवस्थापनका लागि आफूहरु जुटिरहेको महानिर्देशक अधिकारीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "अन्तर्राष्ट्रिय र आन्तरिक सबै विमानस्थलमा व्यापक पूर्वाधार सुधार र सेवा स्तरीकरणको खाँचो छ, नेपालको आकाश सुरक्षित रहेको सन्देश पनि दिनुछ, आज टिआइएमा कुनै अन्तर्राष्ट्रिय एयरलाइन्सले उडान गर्ने इच्छा देखाएमा स्लट दिन सक्दैनौं ।" यसअघि २०७५ जेठमा तत्कालीन पर्यटनमन्त्री स्व रवीन्द्र अधिकारीले टिआइए २१ घण्टा सञ्चालनमा ल्याउनुभएको थियो । बिहान ६ देखि राति १२ बजेसम्म १८ घण्टा सञ्चालन हुँदै आएको उक्त विमानस्थललाई तीन घण्टा थपेर २१ घण्टासम्म सञ्चालनमा ल्याउनुभएको थियो । यद्यपि टिआइएको धावनमार्गको जीर्णोद्धारको काम सुरु भएपछि पुनःउडान सञ्चालन अवधि घटेको थियो । त्यसपछि कोभिडका कारण देशभर बन्दाबन्दी लागू भएपछि अन्तर्राष्ट्रिय र आन्तरिक उडान कटौती हुँदै जाँदा विमानस्थल सञ्चालन समय घटाइएको थियो ।

कूल ९२ लाख यात्रु क्षमताको टिआएमा सन् २०१८ मा ७२ लाख हवाई यात्रुले सेवा लिएका थिए । कोभिड महामारी नभएको भए विमानस्थलको क्षमताले यात्रु धान्नसक्ने अवस्था थिएन । काठमाडौं विमानस्थलको विकल्पका रुपमा पनि गौतमबुद्ध विमानस्थललाई हेरिएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र निर्माणाधीन पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल अब २४सै घण्टा सञ्चालन हुने प्राधिकरणले जनाएको छ।

## अधिकार प्राप्तका लागि एकतावद्ध हुनुपर्छ–उपसभामुख शर्मा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ बैशाख**



गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्माले अधिकार प्राप्तिका लागि संगठित भएर लाग्नु पर्ने बताउनु भएको छ ।

पुर्वाञ्चल सेवा समाजको १७ औं साधारण सभा एवम् दशौ अधिवेशनको शनिबार पोखरामा उद्घाटन गर्दै उहाँले एकताबाट मात्र सफलता प्राप्त गर्न सकिने बताउनुभयो। मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा बिभिन्न संघसंस्थाको महत्वपूर्ण भूमिका रहदै आएको बताउँदै उपसभामुख शर्माले यस्ता संस्थाको विकासका लागि तीनै तहका सरकारको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो। पूर्वाञ्चलमा जन्मभई बिभिन्न पेशा र व्यवसायमार्फत पोखरालाई कर्मभूमि बनाउँदै आउनु भएकाहरुको संस्थामा राजनैतिक गर्न नहुनेमा उहाँको जोड थियो । कार्यक्रममा नव बर्ष २०७९ को शुभकामना आदान प्रदान सहित भित्तेपात्रोको समेत लोकार्पण गरिएको थियो । संस्थाका अध्यक्ष गोपालबहादुर खड्काको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका कानूनी सल्लाहकार एवम् प्रेस काउन्सिल नेपालका सदस्य दुर्गा भण्डारी, क्यूपेक नेपालका अध्यक्ष तिर्थराज मगर,पूर्व अध्यक्ष डिवि राई, प्रथम उपाध्यक्ष बालकुमार लुइटेल लगायतले संस्थाको महत्व र यसले खेल्दै आएको भूमिका माथि चर्चा गर्नुभएको थियो ।

## नवौं राष्ट्रिय खेलकुदका लागि तयारी स्वरुप सुझाव संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ बैशाख**

नेपाल सरकारले आगामी जेठ २२ देखि २८ सम्म पोखरामा नवौं राष्ट्रिय खेलकुद आयोजना गर्ने घोषणासंगै प्रदेश खेलकुद परिषदले तयारी स्वरुप सुझाव संकलन गर्न सुरुवात गरेको छ।



राष्ट्रिय खेलकुदको तयारीका लागि आइतबार राष्ट्रिय खेलकुद परिषदले काठमाडौंमा सातै प्रदेशका सदस्य सचिव सम्मिलित बैठकको आह्वान गरे संगै प्रदेश खेलकुदले सुझाव संकलन गरेको हो। पोखरा रंगशालामा आयोजित एक कार्यक्रममा प्रदेश खेलकुदका सदस्य सचिव तेज बहादुर गुरुङले नवौं राष्ट्रिय खेलकुदको तयारी स्वरुप राखेपमा हुने बैठकमा आयोजक प्रदेशको रुपमा उठाउनु पर्ने विषयमा सुझाव संकलन गरिएको बताए । उनले भने-"यो हाम्रो सानो र छरितो कार्यक्रम थियो, हामी आयोजक प्रदेशको नाताले के कस्ता विषय बैठकमा प्रस्तुत गर्ने भन्ने विषयमा विशेष ध्यान केन्द्रित गरेका छौं ।"

गण्डकी प्रदेशको राजधानी पोखरामा करिव ३९ वर्ष पछि हुने राष्ट्रिय खेलकुद हुने भए संगै क्षेत्रिय खेलकुद मार्फत प्रदेशका ११ वटै जिल्लामा कम्तिमा एक खेलको प्रस्तावना सहित अघि बढेको राखेपका सदस्य राजेश कुमार गुरुङले बताए। उनले राष्ट्रिय खेलकुदका लागि आवश्यक पूर्वाधार र त्यसको स्तरोन्नती अहिलेका लागि महत्वपूर्ण विषय रहेको बताउँदै कम्तिमा ३६ वटा खेलहरु प्रस्तावका रुपमा अघि सारिएको उल्लेख गरे ।

राखेपका पूर्व सदस्य एवम अग्रज खेलाडी खड्ग बहादुर रानाभाटले यो अवसरलाई चुनौतीका रुपमा ग्रहण गर्दै ३९ वर्ष पछिको इतिहास दोहोऱ्याउने जिम्मा पोखरेलीहरुको काँधमा आएको बताए । त्यस्तै नेपाल भूतपुर्व खेलाडी मञ्चका अध्यक्ष हरि प्रसाद पराजुलीले राष्ट्रिय खेलकुद आयोजनाको हिसावमा छोटो समय भए पनि यसलाई सफल बनाउन प्रदेशवासीहरु एकजुट हुनुपर्ने उल्लेख गरे ।

कार्यक्रममा भनाई राख्दै प्रदेश खेलकुद परिषदका कार्यकारी सदस्य दिल बहादुर गुरुङले सरकारले गरेको निर्णय स्वागत योग्य रहेको बताउँदै प्रदेश खेलकुद र राष्ट्रिय खेलकुद परिषद विच रहेका विभिन्न प्रशासनिक झञ्झटहरुबाट मुक्त हुनुपर्ने उल्लेख गरे । स्मरणिय के छ भने क्षेत्रिय खेलकुदले नवौं राष्ट्रिय खेलकुदका लागि खेलकुद पूर्वाधार स्तरोन्नतीका लागि करिव १७ करोड प्रस्ताव गरेको छ । त्यस संगै राष्ट्रिय खेलकुद आयोजना हुनुपूर्व ७७ जिल्ला र सातै प्रदेशमा खेलाडी छनौटका प्रतियोगिता संगै बन्द प्रशिक्षण लगायतका कार्यक्रमहरु समेतलाई अघि बढाउनुपर्ने वाध्यता समेत रहेको छ।

## लिखत पारित शतवार्षिकिमा तीन दिवसीय कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ बैशाख**

जमीनको हक हस्तान्तरण शुरु भएको एक सय वर्ष पुगेको अवसरमा लिखत पारित शतवार्षिकि गरी पोखरामा तीन दिवसीय कार्यक्रम सञ्चालन गरिएको छ।

जिल्ला मालपोत कार्यालय कास्कीले तीन दिवसीय कार्यक्रम अन्तर्गत चैत ३० गते कार्यालय सरसफाई, वैशाख १ गते मूल समारोह कार्यक्रम गरेको कार्यालय प्रमुख प्रमुख मालपोत अधिकृत राजेन्द्र प्रसाद पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार तीन दिवसीय कार्यक्रमको अन्तिम दिन वैशाख २ गते कार्यालयबाट पहिलो पटक सेवा लिने सेवाग्राहीलाई सम्मान गरिएको छ । पोखरा २३ चापाकोटका सीता पराजुली र विरेन्द्र पराजुलीलाई कार्यालय प्रमुख पौडेलले सम्मान गर्नुभएको थियो । त्यस्तै कर्मचारीबीच मैत्रीपूर्ण व्याटमिन्टन प्रतियोगिता पनि गरिएको थियो। मूल सामारोह कार्यक्रममा गण्डकी प्रदेशका भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री चन्द्र बहादुर बुढाले संघीयताको सुन्दर पक्ष सेवा र पहुँचसँग जोडिएकाले जनताले अनुभूति गर्न सक्ने गरी काम गर्नुपर्ने बताउनुभयो । उहाँले जग्गा अभिलेखिकरण, मूल्यांकनको आधार र गुठी व्यवस्थापन बारे नयाँ ढंगबाट छलफल गर्नुपर्ने औल्याउनुभयो। कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी शिव प्रसाद रिजालले पछिल्लो समय भूमि प्रशासन जटिल बन्दै गइरहेको उल्लेख गर्नुभयो । जिल्ला समन्वय समिति कास्कीका जिल्ला समन्वय अधिकारी नवराज बरालले बढ्दो जनसंख्या सँगै जग्गाजमीनको महत्व झनै बढेको बताउनुभयो । जिल्ला मालपोत कार्यालय कास्कीका प्रमुख प्रमुख मालपोत अधिकृत राजेन्द्र प्रसाद पौडेलले कार्यालयका गतिविधि र समस्या बारे प्रतिवेदन प्रस्तुत गर्दै सिमित स्रोत र साधान भएपनि गुणस्तरीय सेवालाई प्राथमिकता दिइएको बताउनुभयो । कार्यक्रममा माछापूच्छ्रे गाउँपालिकाका अध्यक्ष कर्ण बहादुर गुरुङ, राष्ट्रिय भूमि आयोग कास्कीका सदस्य गिरि प्रसाद गुरुङ, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका उपसचिव गङ्गालाल पोखेल, नागरिक समाज पोखराका संयोजक राम बहादुर पौडेल, नेपाल लेखापढी कानुन व्यवसायी एशोसियशनका सचिव हरि प्रसाद शर्माले बोल्नुभएको थियो । जिल्ला मालपोत कार्यालय कास्कीका प्रमुख प्रमुख मालपोत अधिकृत राजेन्द्र प्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा मालपोत अधिकृत खुमादेवी रेग्मीले स्वागत र कर्मचारी फणिन्द्र पौडेलले सञ्चालन गर्नुभएको थियो ।

## ढेवाजू शैक्षिक प्रतिष्ठानको साधारण सभा


**पोखरापत्र संवाददाता**
**पोखरा, ३ बैशाख**

पोखरा महानगरपालिका वडा नं १३ स्थित कृष्णबहादुर-टेकबहादुर ढेवाजू शैक्षिक प्रतिष्ठानको प्रथम वार्षिक साधारण सभा तथा अधिवशेन शनिवार सम्पन्न भयो ।



शिक्षाविद् जोर्ज जोनले अधिवेशनको उद्घाटन गर्दै ढेवाजू परिवारले शिक्षा क्षेत्रमा पुराएको योगदानको वारे चर्चा गरे । कृष्णबहादुर-टेकबहादुर ढेवाजू शैक्षिक प्रतिष्ठानका अध्यक्ष प्रा. तारा वरालले कुँडहरको शिक्षा क्षेत्रमा ज्योति बाल्ने कार्यमा ढेवाजू परिवारको इतिहास सदैव रहिरहने भने । भद्रकाली मावि व्यवस्थापन समितिका पूर्व अध्यक्ष एवं कोन सामुदयिक बचत तथा ऋण सहकारी संस्था लि.मानार्थ संरक्षक शरदकान्त सिग्देलले शिक्षा क्षेत्रमा ढेवाजू परिवारले गरेको योगदान बडा १३ वासिमा सदैव यादगार हुने वताए । सोही कार्यक्रममा ३० वर्षदेखि वन्यजन्तुको अनुसन्धान र संरक्षणमा क्रियाशील पोखरा १३ निवासी राजु आचार्य र २५ वर्ष अघिदेखि आजसम्म कला क्षेत्रमा लागिरहेका स्वदेशदेखि विदेशका सयौं शहरमा कला पस्कन सफल सुनिल सिग्देललाई सम्मान गरिएको थियो । सम्मानितको तर्फवाट राजु आचर्यले शिक्षा क्षेत्र अनुसन्धानमुखी भएमात्र गुणात्मक परिणाम आउने भने ।

सेही अधिवेशनले तदर्थ समितिको अध्यक्षमा रहेका प्रा.तारा वराल, उपाध्यक्षमा रामगोपाल ढेवाजू, सचिवमा राजेन्द्र भण्डारी, कोषाध्यक्षमा हरिगोपाल वड्गामी, सदस्यहरुमा क्रमश डम्बरवहादुर श्रेष्ठ, तिलक वहादुर गुरुङ, वामन प्रसाद ढेवाजू, माधव प्रासद आचार्य, कृष्ण प्रसाद सिग्देल, मिना श्रेष्ठ लगायत थप एक जना दिपक परियारलाई शनिवार नयाँ कार्यसमितिको रुपमा चयन गरेको छ ।



# राष्ट्रिय नाईन ए साईड फटुबलका ६ खेल सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ बैशाख**

गण्डकी प्रदेश युवा तथा खेलकुद मन्त्रालयको आयोजनामा पोखरा रंगशालामा भएको नाईन ए साईड भेट्रान फुटबल प्रतियोगितामा शनिबार ६ खेल सम्पन्न भएको छ।

पहिलो खेल संगम बीले वोलुङ ठमेल एफसीललाई १ का विरुद्ध ३ गोलले पराजित गऱ्यो । नरेन्द्रजंग गुरुङले २४ र ४१ मिनेटमा गरी दुई गोलको योगदान दिए। अर्को गोल भने महेन्द्र गुरुङले ४८ मिनेटमा गरेका थिए । नरेन्द्रलाई प्लेयर अफ दि म्याचको पुरस्कार प्रदान गरिएको थियो ।

यसैगरी दोस्रो खेलमा फ्रिडम फाईटरले हेटौडा भेट्रानलाई ३-० गोल अन्तरले पराजित गरेको थियो । फ्रिडमका लागि राजकुमार घिसिङले १६ र ५१ औं मिनेटमा गोल गरे । विक्रम श्रेष्ठले पनि ४१ औं मिनेटमा एक गोल हिर्काए । हेटौडाको नागसोती भेट्रानलाई जोरपाटी भेट्रान काठमाडौंले १ का विरुद्ध २ गोलले पराजित गरेको थियो। रन्जित लामा र निमा लामाले जोरपाटीका लागि एक एक गोलको योगदान दिए। सुलभजंग राणाले एक गोल फर्काए। ठमेल एमफसीलाई चितवन भेट्रानले हरायो । चितवनका लागि भरत गुरुङ र सुरेन्द्र चौधरीले क्रमश ३४ र ४७ औं मिनेटमा गोल गरे । केशवकुमार कार्की प्लेयर अफ दि म्याच घोषित भए। सानो गौचरनले पोखराको लेकसाईड भेट्रानलाई ३-० गोलले पराजित गऱ्यो । सागर थापाले दुई र शुक्र तामाङले एक गोल । सागर प्लेयर अफ दि म्याच घोषित भए । भेट्रान टिमको अनुपस्थिति भएपछि मनाङ मर्स्याङ्दी क्लबले वाकओभर प्राप्त गरेको छ।

# ‘कविताले नेतृत्व विकास गर्छ’

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ बैशाख**

पोखरेली युवा सांस्कृतिक परिवारद्वारा सञ्चालित समता काव्य सन्ध्याको ३४७औँ शृङ्खलामा सहभागी वक्ताले कविताले नेतृत्व विकास गर्ने विश्वास व्यक्त गरेका छन् ।

कविताको अघोषित पाठशालाका रूपमा सञ्चालन गर्दै आइएको समता काव्य सन्ध्यामा वक्ताहरूले कविता लेखनसँगै वाचन गर्ने प्रक्रियाले व्यक्तिमा व्यक्तित्व विकाससँगै नेतृत्व विकास हुने बताएका छन् ।

पोखरेली युवा सांस्कृतिक परिवारका सल्लाहकार कवि डा ईश्वरमणि अधिकारीले आफू आजीवन कविताको विद्यार्थी रहने बताउँदै कवितामा नै समर्पित हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । कवि केशु शर्माले पचासको दशकमा आफूले समता काव्य सन्ध्यामा पहिलोपटक कविता वाचन गरेको अनुभव सुनाउँदै समतामा कविता वाचन गर्दागर्दै अहिले आफू विभिन्न सङ्घसंस्थामा नेतृत्वदायी भूमिकामा रहेको बताउनुभयो ।

पोखरा युवा सांस्कृतिक परिवारले आफ्नो नेतृत्व विकासमा ठूलो भूमिका निर्वाह गरेको बताउँदै उहाँले संस्थाको प्रशंसा गर्नुभयो। काव्य सन्ध्याको ३४७औँ शृङ्खलामा कविहरू त्रिवेणी, मनिषा पौडेल, माधव खतिवडा, अमृता पौडेल, कृष्ण सुवेदी, रोशन तिमिल्सिना, रामजीप्रसाद आचार्य, लिली अधिकारी, प्राञ्जल, शिव त्रिपाठी, प्रकाश ज्ञवालीलगायतले आ-आफ्ना सिर्जना वाचन गरेका थिए। कार्यक्रममा पोखरेली युवा सांस्कृतिक परवारका अध्यक्ष मोती भुजेल, साहित्य संयोजक रीता अधिकारी ऋतु, सहसचिव शिव त्रिपाठीलगायतले बोल्नुभएको थियो ।

# अन्नपूर्ण उपभोक्ता सहकारीको शुभकामना आदानप्रदान

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ बैशाख**

अन्नपूर्ण उपभोक्ता सहकारी संस्था लि, पोखरा-१५ तल्लो नयाँ गाउँ अन्नपूर्ण मार्ग कास्की को आयोजनामा भित्ते पात्रो विमोचन तथा नव वर्ष २०७९ को शुभकामना आदन प्रदान कार्यक्रम संस्था को अध्यक्ष क्य नरेश थापा मगरको अध्यक्षतामा शनिबार सम्पन्न भयो ।

प्रमुख अतिथी प्रदेश राष्ट्रिय योजना आयोगका सदश्य माया तिमिल्सिना हुनुहुन्थ्यो । स्वागत मन्तव्य संस्थाकी उपाध्यक्ष बिम्ला गुरुङ्गले राखेकी थिइन



भने शुभकामना मन्तव्यमा बिष्णु आचार्य, चन्द्र बहादुर गुरुङ्ग तथा पान बहादुर घर्ती लगायतले मन्तव्य दिनु भएको थियो । प्रमुख अतिथि माया तिमिल्सिना रहनु भएको कार्यक्रको संचालन जमुना गुरुङले गर्नुभएको थियो ।

# जितेका पालिका आफैँसँग रहने गरी गठबन्धन गर्ने कांग्रेसको निर्णय

**पोखरापत्र संवाददाता**
**दमौली, ३ बैशाख**

नेपाली कांग्रेस तनहुँले आफूले जितेको पालिका आफैँसँग रहने गरी गठबन्धन गर्ने निर्णय गरेको छ । कांग्रेस तनहुँको शनिबार सम्पन्न विस्तारित बैठकले गत निर्वाचनमा कांग्रेस विजयी भएको पालिका आफैँसँग रहने गरी अन्यमा सल्लाह गर्न सक्ने निष्कर्ष निकालेको हो ।

कांग्रेसले जितेका पालिका छाडेर गठबन्धन गर्न नसकिने बैठकले निष्कर्ष निकालेको छ । सत्तारुढ दलको गठबन्धनले यस अगाडि तनहुँमा पटक-पटक बैठक गरी निर्वाचनमा मिलेर जाने सहमति गरेका थिए। विसं २०७४ को स्थानीय निर्वाचनमा कांग्रेसले देवघाट गाउँपालिकामा उपाध्यक्ष, आँबुखैरेनी गाउँपालिकामा अध्यक्ष, उपाध्यक्ष, भानु नगरपालिकाका प्रमुख, उपप्रमुख, व्यास नगरपालिकामा प्रमुख, उपप्रमुख, म्याग्दे गाउँपालिकामा अध्यक्ष उपाध्यक्ष, शुक्लागण्डकी नगरपालिकामा प्रमुख, ऋषिङ गाउँपालिकामा अध्यक्ष उपाध्यक्ष जितेको थियो ।

# नि:शुल्क रगत जाँच

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ बैशाख**



लायन्स क्लब अफ तनहुँ शुक्लागण्डकी टाउनले दुलेगौँडामा आयोजना गरेको मधुमेह तथा रगतमा हुने खराब बोसोसम्बन्धी निशुल्क परीक्षणमा २ सय ५ जना लाभान्वित भएका छन् । युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि (युआरएल)को प्राविधिक सहयोगमा भएको शिविरमा अरु सबै प्रकारका रगत जाँचमा समेत ५० प्रतिशत छुट दिइएको थियो ।

शनिबार शिविरसँगै सचेतना कार्यक्रम पनि भएको छ। कार्यक्रममा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहत रहेको क्षेत्रीय अस्पताल पोखराका वरिष्ठ फिजिसियन डा. कृष्णराज अधिकारीले समयमै स्वास्थ्य समस्या पहिचान नहुँदा नेपाली नागरिकको स्वास्थ्य उपचार महंगो बन्न थालेको बताए। नागरिकलाई स्वास्थ्यबारे सचेत बनाउँदै सामाजिक उत्तरदायित्व वहन गर्न शिविर आयोजना गरिएको क्लबका अध्यक्ष विष्णुबहादुर रानाले बताए। उनले यस्ता शिविर र सचेतनाले नागरिकमा चेतना बढाएर रोग लाग्नुभन्दा अगावै उपचार गर्ने, सावधान बन्ने बानी बस्ने जनाए । सिनियर एओजी मोतिप्रसाद पौडेलले लायन्सले स्वास्थ्य, खानेपानी, शिक्षा लगायत समस्यामा परेका नागरिकबीचमा गएर सहयोग गर्दै आएको स्मरण गरे ।

युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्तले स्थापना कालदेखि नै आफूहरु व्यवसायसँगै सामाजिक कार्यमा जुट्दै आएको बताए। पन्तले लायन्स क्लबसहित विभिन्न सामाजिक संघ, संस्थाको सहकार्यमा भएको शिविरको यो १ सय १२ औं श्रृखंला भएको जानकारी दिए। यस्ता शिविरबाट अहिलेसम्म ८० हजार बढीले निशुल्क स्वास्थ्य सेवा पाइसकेका छन् । कार्यक्रममा तनहुँ लायन्स मोडेल भिलेजका चिफ लायन कृष्णप्रसाद पौडेल, जोन चियर पर्सन प्रदीप थापा, क्लबका प्रथम उपाध्यक्ष क्षेत्रबहादुर थापा क्षितीज, कार्यक्रम संयोजक देवीभक्त राना, क्लब सचिव जीवन भट्टराई लगायतले बोलेका थिए। पोखराको न्युरोडमा प्रधान कार्यालय रहेको युआएरलले पोखराकै हस्पिटलचोक, तनहुँको दमौली र शुक्लागण्डकी, लमजुङको बेंसीसहर र स्याङ्जाको वालिङबाट सेवा प्रदान गरिरहेको छ । निकट भविष्यमै स्याङजाको पुतलीबजारबाट पनि सेवा सुरु गर्न लागिएको युआरएलले जनाएको छ । सोहि अवसरमा ७ वर्षअघि आफैंले काटेको रुखमा च्यापिएर दुवै खुट्टा गुमाएका रामबहादुर विकलाई ह्विलचियर प्रदान गरिएको थियो।

# पोखरा १२ मा कांग्रेसबाट बाँस्तोलाको उम्मेदवार

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ बैशाख**



नेपाली कांग्रेस पोखरा १२ को बैठकले आगामी बैशाख ३० गते हुने लागेको स्थानीय तहको चुनावको लागि नेपाली काँग्रेसको तर्फबाट वडा अध्यक्षमा सन्तोष बाँस्तोलालाई उम्मेदवार बनाउने सर्वसम्मत निर्णय गरेको छ।

वडा अध्यक्षमा दावी गरेका नेपाली कांग्रेस कास्की क्षेत्र न एक ख का सभापति कृष्ण कोइरला पुर्व वडा सभापति राधेश्याम कोइरला तथा पुर्व वडा सदस्य बल वहादुर कार्कीले दावेदारी छोडिदिए पछि बाँस्तोला पोखरा १२ को वडा अध्यक्षमा नेपाली काँग्रेसको तर्फबाट सर्वसम्मत उम्मेदवार भएका हुन्। सर्वसम्मत नेपाली काँग्रेसको तर्फबाट वडा अध्यक्षको उम्मेदवार भए पछि बाँस्तोलाले आफु विजयी भएमा पोखरा १२ लाई नमुना वडा बनाउने आफ्नो लक्ष्य रहेको बताए।

बाँस्तोलाले वडा सदस्यको बारेमा दुई तिन दिन भित्रै बैठक बसी सर्वसम्मत निर्णय गर्ने बताए । बाँस्तोला हाल नेपाली काँग्रेस वडा इकाई समिति पोखरा १२ का सभापति समेत हुन।


## आवश्यकता

पदः सुरक्षा गार्ड
संख्याः १ पुरुष
स्थानः गोर्खा बराह बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड-९ पोखरा
तलब तथा सुबिधाः कम्पनीको नियम अनुसार
अनुभवः भूपू भारतीय सेना रिटायर्ड
छनोटको किसिमः अर्न्तवार्ता
आवश्यक कागजातः नेपाली नागरिकताको प्रमाणपत्र, डिस्चार्ज सर्टिफिकेटको फोटोकपि, निवेदन र पासपोर्ट साइज फोटो-१ प्रति
अन्तिम मितिः बैशाख ११ गते

सम्पर्कः
कार्यालयः ०६१-५४४६८६
उपाध्यक्षः ९८५६०६६२३१


# गठबन्धन सबैले जित्ने खालको हुनुपर्छ : नेता श्रेष्ठ

**पोखरापत्र संवाददाता**
**दमौली, ३ बैशाख**

नेकपा (एकीकृत समाजवादी) का केन्द्रीय उपाध्यक्ष एवं गण्डकी प्रदेश इन्चार्ज केशवलाल श्रेष्ठले गठबन्धन सबैले जित्ने खालको हुनुपर्नेमा जोड दिनुभएको छ।

स्थानीय तह निर्वाचनलाई लक्ष्य गरी नेकपा (एकीकृत समाजवादी) तनहुँले शनिबार आयोजना गरेको विस्तारित बैठकलाई सम्बोधन गर्दै नेता श्रेष्ठले गठबन्धन भनेको ‘विन-विन’ खालको हुनुपर्ने बताउनुभयो।

गठबन्धन गर्दा एउटाले जितिरहने र अर्कोले हारिरहने हुन नहुने श्रेष्ठको भनाइ थियो । गठबन्धनका सबै दलको अस्तित्व स्वीकार गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । “गठबन्धन कसैलाई जिताउनका लागि मात्र हुनु हुँदैन, सबैले जित्ने खालको हुनुपर्दछ, त्यसमा हामी प्रष्ट छौँ”, श्रेष्ठले भन्नुभयो । कार्यक्रममा नेकपा (एकीकृत समाजवादी) का केन्द्रीय सदस्य एवं तनहुँ इन्चार्ज चित्र थापा, केन्द्रीय लेखा आयोगका उपाध्यक्ष विद्या ढकाल, जिल्ला अध्यक्ष शङ्करनारायण श्रेष्ठलगायतले स्थानीय तह निर्वाचनका सन्दर्भमा धारणा राख्नुभएको थियो ।

बैठकले स्थानीय निर्वाचनका लागि तयारी थाल्ने निर्णय गर्दै सुक्ष्म योजना बनाउने निर्णय गरेको छ । स्थानीय तह निर्वाचनमा गठबन्धन भए पनि नभए पनि आफ्नो तयारी थाल्ने निर्णय भएको जिल्ला सचिव श्रीराम कार्कीले जानकारी दिनुभयो ।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# गठबन्धनका निर्णय कार्यान्वयनमा सकस

स्थानीय तहको निर्वाचनमा नेकपा एमाले विरुद्ध वडासम्म गठबन्धन र तालमेल गरेर जाने सत्ता गठबन्धनका पाँचौ दलको निर्णय कार्यान्वयनमा जटिलता देखिन थालेको छ। सत्ताको नेतृत्व गरेको काङ्ग्रेसको आन्तरिक झगडाले गठबन्धनको निर्णय पुरै कार्यान्वयन नहुने भएको छ। खासगरी महानगरपालिका र उपमहानगरपालिकाको दलहरूको आँकडा पत्याउने खालको छैन। २०७४ सालको चुनावी आँकडा लिएर अहिलेको अवस्थामा आएको फेरबदल नबुझेर ठूलो र सानो भन्ने गरिएको छास्थानीय आवश्यकता भन्दा शिर्ष नेताहरूको स्वार्थलाई प्राथमिकता दिन थालिएको छ। जनताका तहमा भन्दा स्वार्थ समुहको विचार सुनेर चल्ने शैलीले गठबन्धनमा सकस परेको हो। काङ्ग्रेसको केन्द्रीय कार्य सम्पादन समिति बैठकमा स्थानीय आवश्यकता नबुझी सहमति गरेकोमा असन्तुष्टि देखिएको छ। चितवनका काङ्ग्रेसको असन्तुष्टि सार्वजनिक भएको छ।

कतिपय जिल्लामा तालमेल र गठबन्धन नगर्ने निर्णय काङ्ग्रेसका जिल्ला समितिले गरेका छन। माओवादी केन्द्र, जनता समाजवादीका तल्ला कमिटीले गठबन्धनको विरुद्धमा निर्णय गरेर निहुँ खोज्ने काम गरेका छन। पर्सा जिल्लामा काङ्ग्रेस र जसपाले तालमेल नगर्ने सहमति गरेका छन।ती दुई दलले जिल्ला भित्रका महानगरपालिका ,नगरपालिका र गाउँ पालिकामा गठबन्धन र तालमेल नगर्नु निर्णय सार्वजनिक भएको छ। काङ्ग्रेस प्रबक्ता डाक्टर प्रकाशशरण महतले स्थानीय तहको निर्वाचनमा सत्तारुढ दलहरूबीच नै प्रतिस्पर्धा हुन सक्ने बताएका छन्। एमालेले चुनाव हार्ने, तर सत्तारुढ गठबन्धन दलहरूबीच भने आफैँले चुनाव जित्छु भन्ने लागेमा त्यहाँ मैत्रीपूर्ण प्रतिस्पर्धा हुने भएको छ। गठबन्धनप्रति असन्तुष्ट मत एमालेलाई जाने देखेर मित्रपुर्ण प्रतिस्पर्धा भन्ने थालिएको छ।

गठबन्धन दलले कुनै पनि अवस्थामा एमालेसँग चुनावी तालमेल गर्न नमिल्ने गरी शीर्ष तहमा सहमति गरिएको काङ्ग्रेस प्रबक्ताले स्पष्ट पारेका छन। कुनै ठाउँमा गठबन्धन दलहरूबीचमै आ-आफ्नो दाबी रह्यो भने त्यहाँ चुनावी प्रतिस्पर्धा हुने प्रवक्ता महतले बताएर दुवै लड्डु आफ्नै हातमा परोस् भन्ने योजना बनाइएको छ। 'कुनै ठाउँमा समझदारी हुन सकेन, त्यहाँ सबैको आ-आफ्नो दाबी रह्यो, मेरै त्यहाँ ज्यादा शक्ति छ, मेरै जनाधार बढेको छ, हामीले नै जित्छौँ र अर्को विपक्ष दल एमालेले जित्दैन भन्ने त्यस्तो स्थिति आयो भने त्यस्तो धेरै ठाउँमा आउन पनि सक्छ।

त्यस्तो ठाउँमा फ्रेन्ड्ली प्रतिस्पर्धा हुन पनि सक्छ, प्रवक्ता महतले स्पष्ट पारेका छन। हामी एकअर्कामा मिलेन भनेर एमालेसँग गठबन्धन गर्न जाँदैनौँ। अरू दलसँग गठबन्धन गर्ने छैनौँ। त्यही नै सहमति शीर्ष तहमा भएको छ। स्थानीय आवश्यकता भन्ने निर्णयलाई उल्लंघन गरिएको छ। महानगरपालिका र उपमहानगरपालिका मेयर, उपमेयरबाहेकका सबै स्थानीय तहको उम्मेदवार सम्बन्धित कमिटीहरूकै गठबन्धनले तय गर्ने छन। त्यहाँ कुनै समस्या भए तत्काल केन्द्रमा जानकारी गराउन स्थानीय गठबन्धन दलहरूलाई सचेत गराएका छन्। काङ्ग्रेसको निर्णय भन्दा नेतालाई के लाग्छ त्यहीँ निर्णय हुने गरेको छ। जुन गठबन्धनको भावनाविपरीत हुन्छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : मन चन्चल | मीन | : झमेला बढ्ने |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# चैते धानमार्फत सामूहिकखेतीमा जोडिँदै सुरौदीका किसान

–वासुदेव पौडेल
गण्डकी, ३ बैशाख

गत चैत १७ गतेदेखि कास्कीको दक्षिण भेग सुरौदी खोलाको किनार कुर्लिङ क्षेत्रस्थित नरपतेमा झण्डै १२/१५ जनाको समूह लगातार चैते धान रोप्न ब्यस्त देखिन्छ।



अधिकांश स्थानमा कृषिप्रतिको अनइच्छाका कारण खेत तथा बारी बाँझिँदै गएको वास्तविकतामा यहाँका किसान भने तिनै बाँझिएकामध्ये २०० रोपनीभन्दा बढी क्षेत्रफलको खेतमा यतिखेर बाँझो फोरेर सामूहिक चैते धान रोप्न लागिपरेका हुन्।

कुर्लिङ बराह कृषक समूहमा सङ्गठित यहाँका १२ कृषक परिवारको समूहिक प्रयासमा विगत २० वर्षयता लगातार बाँझिएको खेतका कतिपय स्थानमा चैते धानको रोपो हरियो भइसकेको छ भने रोप्नेक्रम पनि चलिरहेको छ। आफूहरूले अझै एक दुई दिन रोपाइँ गर्ने योजना रहेको समूहका अध्यक्ष हरिप्रसाद आचार्यले जानकारी दिनुभयो।

"कृषिप्रतिको बढ्दो अनइच्छासँगै पछिल्ला वर्षमा सुरौदी क्षेत्रमा धेरै जग्गा बाँझिएको छ", उहाँले भन्नुभयो, "बाँझिएका जग्गामा खेती गरी उत्पादन बढाउनका लागि अन्य कृषकलाई पनि अभिप्रेरित गर्ने उद्देश्यले हामी सामूहिक चैते धानखेतीतर्फ लागेका हौँ।"

कृषकको जागरुकतासँगै सामूहिक चैते धानखेतीमा पोखरा महानगरपालिका कृषि महाशाखाले चासो दिएको छ। सङ्घीय शःसर्त धान प्रवर्द्धन कार्यक्रमअन्तर्गत महाशाखाले कृषकलाई उन्नत जातको चैते-५ र हर्दिनासे बीउ ५० प्रतिशत अनुदानमा उपलब्ध गराएको थियो। उन्नत जातको धानको विउ विगतमा भन्दा मसिनो खालको छ। कार्यक्रमअन्तर्गत नै सिँचाइका लागि सहयोग गरिएको महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो। कार्यक्रमअन्तर्गत नै आगामी दिनमा समूहलाई ५० प्रतिशत अनुदानमा कुटानी पिसानी मेसिन, मिनि ट्रेलर, त्रिपाल, मिनि थ्रेसरलगायतका उपकरण सहयोग उपलब्ध गराउने जानकारी दिँदै महाशाखाका प्रमुख कडरियाले ४० दिनपछि स्थलगत अनुगमन गरी प्रतिरोपनी रु ९०० सम्म प्रोत्साहन अनुदान उपलब्ध गराइने बताउनुभयो। "महाशाखाबाट यसअघि उक्त समूहका तीन जना कृषकलाई तालिमसमेत दिइएको थियो", उहाँले भन्नुभयो, "आगामी दिनमा समूहको जागरुकता समेतलाई दृष्टिगत गरी आवश्यकताअनुसार अन्य सहयोग पनि उपलब्ध गराउने छौँ।" सङ्घीय शःसर्त धान प्रवर्द्धन कार्यक्रमअन्तर्गत महानगरपालिकाभित्र सुरौदीसहित क्षेत्र विभाजन गरी वडा नं २६ र २७ मा तथा वडा नं १३ काहुँखोलामा चैते धान रोपाइँमा सहयोग गरिएको कडरियाले जानकारी दिनुभयो।

समूहले आगामी दिनमा व्यावसायिक तरकारीखेती गर्ने योजनासमेत राखेको समूहका सदस्य एवं कुर्लिङ पशुपक्षी तथा कृषि फर्मका सञ्चालक चेतबहादुर महतले जानकारी दिनुभयो। उहाँका अनुसार पछिल्ला वर्षमा यहाँ कृषक व्यावसायिक कृषिका लागि फर्म दर्ता गरी आफ्नो व्यवसायलाई व्यवस्थित गर्ने प्रयासमा जुटेका छन्। समूहकै सक्रियतामा कुर्लिङ बराह कृषक हित कोष स्थापना गरी प्रतिकृषक मासिक रु १०० सङ्कलन गर्न थालिएको छ।

पछिल्ला समयमा यहाँ कृषक व्यावसायिक गाईभैँसीपालन, बाख्रापालनसँगै कुखुरापालन आदिमा व्यस्त बनेका छन्। उत्पादित भैँसी, बाख्रा, कुखराको बिक्रीका लागि बजार जानु नपर्ने र घर तथा फर्मबाटै बिक्री हुने गरेको यहाँका कृषक बताउँछन्।

पछिल्ला वर्षमा सुरौदी खोलाको कटान नियन्त्रण हुन नसक्दा उब्जाउयोग्य जमिन बगरमा परिणत बन्दै गएको छ। कास्की, तनहुँ र स्याङ्जा तीन जिल्ला भएर बग्ने सुरौदी खोलाले वर्षेनी खेतीयोग्य जमिनको कटान गरिरहेको र यसलाई रोक्नुपर्ने स्थानीयको सामूहिक आवाज छ। कृषिका अतिरिक्त जल पर्यटनको पर्याप्त सम्भावना रहेको सुरौदी खोलालाई संरक्षण गर्दै यसको सदुपयोग गर्नसके यहाँको आर्थिक समृद्धिका लागि महत्वपूर्ण आधार बन्ने कुर्लिङ पशुपक्षी तथा कृषि फर्मका सञ्चालक महतको भनाइ छ।

यस क्षेत्रको जलाधारको संरक्षण र उपयोग गर्नसके स्याङ्जाको प्युरीदोभानदेखि कास्कीको दोपहरे, छहरा, चवादी हुँदै तनहुँको घारी बगरसम्मका अधिकांश खेतीयोग्य भूभाग सुरौदी खोलाको पानीले सिँचाइ गर्न सकिनाका साथै माछापालन यहाँको राम्रो आम्दानी गर्न सकिने उहाँले बताउनुभयो। सुरौदी खोलामा जल पर्यटनको पनि उत्तिकै सम्भावना रहेको र दीर्घकालीनरुपमा खोलालाई निश्चित बाटोमा हिँडाउन ठाउँठाउँमा तटबन्ध निर्माण गर्नु आवश्यक देखिन्छ। पछिल्ला वर्षमा नदीजन्य ढुङ्गा, गिट्टी, बालुवा जथाभावी उत्खनन् बढेकाले त्यसलाई रोक्नका लागि यस अघि स्थानीयका तर्फबाट तीनवटै जिल्लास्थित सम्बद्ध निकायमा ध्यानाकर्षणसमेत गराइएको थियो। नदीको वर्षेनी धार परिवर्तन हुँदै जाँदा करिब ६० वर्षयता जलाधार क्षेत्रमा रहेका कैयौँ खेतीयोग्य जमीन बगरमा परिणत भएको स्थानीयको अनुभव छ।

# घोडेपानी-प्यारीबाराही ताल जोड्ने साइकलमार्ग सञ्चालन

पोखरापत्र संवाददाता
म्याग्दी, ३ बैशाख

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घोडेपानीदेखि वडा नं ७ स्थित प्यारीबाराही ताल जोड्ने साइकल मार्ग सञ्चालनमा आएको छ।

सडक विस्तारसँगै छोटिएको पर्यटकको बसाइ लम्ब्याउन प्यारीबाराही काललाई सहायक गन्तव्य बनाएर गुराँसको जङ्गलभित्र साइकल मार्ग सञ्चालन गरिएको हो। अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष डमबहादुर पुनले पर्यटक र पाहुनाको बसाइ लम्बाउन साइकल मार्ग पहिचान गरेर पूर्वाधार निर्माण र प्रचारप्रसारमा जुटेको बताउनुभयो। नयाँ वर्षको अवसरमा पोखरा साइकल सिटीका १४ जनाको टोली साइकल चढेर घोडेपानी पुगेका थिए। गुराँसको जङ्गल भित्र साइकल चढेर प्यारीबाराही ताल पुगेका सिटीका सहसचिव धर्मसिंह लामीछाने नेतृत्वको टोली पुनहिल घुमेर कास्कीको उल्लेरी हुँदै पोखरा फर्किएका छन्। पहाडको टाकुरामा रहेको घोडेपानी पुनहिल घुम्न साइकल चढेर जान सकिने लामीछानेले बताउनुभयो। "गुराँसको जङ्गलभित्र पृष्ठभूमिमा हिमाल हेर्दै साइकलमा यात्रा गर्न पाउनु यहाँको आकर्षण हो", उहाँले भन्नुभयो, "स्वास्थ्यका लागि लाभदायक साइकल यात्रा घोडेपानी क्षेत्रको पर्यटन विकासको माध्यम पनि बन्न सक्ने देखियो।" स्थानीय होटल व्यवसायीले पर्यटकलाई साइकल भाडामा दिएर घुम्ने व्यवस्था मिलाउन सक्ने लामीछानेको सुझाव छ। गत वर्ष प्रदेश सरकारको रु बीस लाख सहयोगमा घोडेपानीदेखि प्यारीबाराही ताल जोड्ने तीन/तीन किलोमिटर दूरीको डेढ मिटर चौडाइ भएको घोडा र साइकल मार्ग निर्माण भएको थियो। गाउँपालिकाले पहिचान गरेको घोडेपानी-प्यारीबाराही ताल जोड्ने मार्गमा चरा अवलोकनस्थल र घोडा बाँध्ने तबेलासमेत बनाइएको उपभोक्ता समितिका अध्यक्ष सुशील पुनले बताउनुभयो। "लालिगुराँसको घना जङ्गलको बीचमा समथर चौर भएको कालीसार भन्ने ठाउँमा चरा अवलोकन स्थल बनाइएको छ", उहाँले भन्नुभयो, "गुराँसे जङ्गलको पृष्ठभूमिमा धौलागिरि, अन्नपूर्ण शृङ्खलाका हिमालको दृश्य अवलोकन गर्न सकिन्छ।"

यसैगरी भालखारामा पर्यटक चढ्ने घोडा बाँध्ने तबेला निर्माण भएको छ। घोडेपानी र प्यारीबाराही क्षेत्रमा ठूलो गुराँसको जङ्गल छ। जङ्गलमा डाँफे, कालिज, मृग, चितुवा, घोरललगायत वन्यजस्तुको बसोबास छ। जैविक विविधताका हिसाबले पनि यो पदमार्ग आकर्षक छ। घोडेपानीबाट पर्यटक घोडा र साइकल दुवै चढेर प्यारीबाराही ताल जान तथा आउन सक्ने भएका छन्। जङ्गलको बीचमा रहेको प्यारीबाराही तालको धार्मिक तथा पर्यटकीय सम्भावना छ। तालमा हिमालको छायाँ देखिन्छ। जनैपूर्णिमा पर्वमा यहाँ पूजाआजा गरेमा मनोकाङ्क्षी पूरा हुने विश्वासका साथ मेला लाग्ने गर्छ। करिब २०० मिटर लम्बाइ र १०० मिटर चौडाइमा गोलो आकारमा फैलिएको ताल आकर्षक छ। तालमा खस्ने पात एउटा चराले टिपेर फाल्ने गरेको स्थानीयवासी बताउँछन्।

# दमौलीमा योग विज्ञान शिविर सुरु

पोखरापत्र संवाददाता
तनहुँ, ३ बैशाख

पतञ्जली योग जिल्ला समिति तनहुँको आयोजना तथा व्यास नगरपालिकाको सहयोगमा दमौलीमा आजदेखि वृहत योग विज्ञान शिविर सुरु भएको छ।

योगप्रति सर्वसाधारणलाई आकर्षित गर्ने उद्देश्यसहित व्यास नगरपालिका-३ खुला मैदानमा बृहत् योग विज्ञान शिविर सुरु भएको छ। शिविर वैशाख ७ गतेसम्म सञ्चालन हुनेछ। 'योग गरौँ : निरोगी रहौँ' भन्ने नारासहित योगको बारेमा प्रचारप्रसार गर्दै स्वस्थ रहन उत्प्रेरित गर्ने उद्देश्यले शिविर आयोजना गरिएको बृहत् योग विज्ञान शिविर व्यवस्थापन समितिका संयोजक राजकुमार श्रेष्ठले जानकारी दिनुभयो। जुनसुकै उमेर र क्षमताका महिला तथा पुरुष निरोगी भएमा सधैँ स्वस्थ रहन, रोगी भएमा रोगबाट छुटकारा पाउन योगको आवश्यकता रहेको श्रेष्ठले बताउनुभयो। शरीरमा रक्तसञ्चार बढाउन, शरीरका सबै अङ्गमा अक्सिजनको मात्रा पुर्‍याउन र रोग प्रतिरोधात्मक क्षमता बढाउन, विभिन्न प्रकारका रोग जस्तै टाउको दुखाइ, कब्जियत हुने, घुँडा दुखाइ, मधुमेहसम्बन्धी समस्या निराकरणका लागि नियमित योगको आवश्यकता रहेको श्रेष्ठ बताउनुहुन्छ। पतञ्जली योग समिति शुक्लागण्डकी, शुक्लागण्डकी नगर उद्योग वाणिज्य सङ्घ र शुक्लागण्डकी नगरपालिकाको संयुक्त आयोजनामा खैरेनीटारमा पनि शुक्रबारदेखि निःशुल्क योग विज्ञान शिविर सुरु भएको छ। शुक्लागण्डकी नगरपालिका-७ स्थित सरस्वती नमूना माध्यमिक विद्यालयमा सुरु शिविर वैशाख ५ गतेसम्म सञ्चालन हुनेछ। शिविर प्रत्येक दिन बिहान ५ बजेदेखि ७ बजेसम्म सञ्चालन हुने शुक्लागण्डकी नगर उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष सुजित हिराचनले जानकारी दिनुभयो।


## सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २७, निवासी रमिला नेपालीले कित्ता नं. ५७५८, ५७६३ को क्षेत्रफल ०-४-०-३ जग्गामा पूर्व कित्ता नं. ५७६०, पश्चिम कित्ता नं ५७५४, उत्तर बाटो दक्षिण कित्ता नं. ५७५७ को संधियारा सम्पर्कमा आइनपुगेको हुँदा यहि उक्त जग्गामा कोही कसैको हकदावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस वडा कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ।

**सम्पर्कः पोखरा महानगरपालिका वडा नं. २७ कार्यालय**


# स्थानीय उत्पादनको बजारीकरणका लागि 'कोसेली घर'

पोखरापत्र संवाददाता
वालिङ, ३ बैशाख

स्थानीयस्तरमा उत्पादन भएका वस्तुको बजारीकरणमा जोड दिँदै वालिङ नगरपालिकाले 'कोसेली घर' निर्माण गरी सञ्चालनमा ल्याएको छ।

नगरपालिका कार्यालय परिसरभित्र नगरपालिकाका १४ वटै वडामा उत्पादन भएका स्थानीय वस्तुको प्रचारप्रसार तथा बजारीकरणमा सहयोग गर्ने उद्देश्यले कोसेली घर निर्माण गरी सञ्चालनमा ल्याइएको नगरप्रमुख दिलीपप्रताप खाँणले बताउनुभयो। वालिङ नगरपालिकाभित्रउद्यमशीलताको विकास गर्ने योजनासहित नीति तथा कार्यक्रम बनाइएको उहाँले बताउनुभयो। "स्थानीय स्रोतसाधनलाई अधिकतम प्रयोग गरी निर्माण गरिएका तानका कपडा, स्वीटर, गरगहना, उपहार अन्य हस्तकलाका सामग्री कोसेली घरमा राखेका छौँ", उहाँले भन्नुभयो, "स्थानीयस्तरमा उत्पादन भएका सामग्रीको प्रचारप्रसार हुनुका साथै बजारीकरणका लागि यसले महत्वपूर्ण भूमिका खेल्ने विश्वासमा छौँ।" वालिङ नगरपालिकाभित्र उद्यमशीलताको विकास गर्ने क्रममा खाद्य तथा तरकारी र मासुजन्य उत्पादनलाई व्यवस्थित गर्नका लागि वालिङ प्रोडक्ट होल्डिङ बहुउद्देश्यीय सहकारी संस्थालाई जिम्मा दिइएको छ। सामूहिक वा व्यक्तिगत रूपमा स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गरी सामग्री उत्पादनमा जोड दिन नगरपालिकाले सहयोग गर्दै आएको उहाँले बताउनुभयो। "नगरभित्रका विभिन्न ठाउँमा सामूहिक वा व्यक्तिगत रूपमा स्थानीय स्रोतसाधनको उपयोग गरी हस्तकलाका सामग्रीहरू उत्पादन र व्यवसायीकरणमा जोड दिएका छौँ", उहाँले भन्नुभयो, "सामूहिक वा व्यक्तिगत रूपमा उत्पादन भएका सामग्रीको प्रचारप्रसार र बजारीकरणमा ध्यान दिँदै नगरपालिकाले कोसेली घर निर्माण गरी सञ्चालनमा ल्याएको हो।" विशेष गरी नगरपालिका सामग्री उत्पादन गर्ने उत्पादक र उपभोग गर्ने उपभोक्ताबीचमा समन्वयकारी भूमिकामा रहेको छ। पारदर्शी सिसाबाट निर्मित कोसेली घरमा उत्पादन गर्ने संस्था वा व्यक्तिको नाम, सम्पर्क नम्बर, वस्तुको मूल्य देखिने गरी राखिएको छ। उत्पादक र उपभोक्ताबीचमा समन्वयकारी भूमिका खेलेर नगरपालिकाले दुई पक्षलाई जोडिदिने काम गरेको स्वस्तिका वैदिक हस्तकला उद्योगकी सञ्चालक दुर्गा न्यौपाने बताउनुहुन्छ। "आफूजस्तै अन्य उत्पादकले उत्पादन गरेको सामग्री कोसेली घरमा राखेर नगरपालिकाले प्रचारप्रसारसँगै बजारीकरणका लागि निक्कै राम्रो काम गरेको छ", व्यवसायी न्यौपानेले भन्नुभयो, "यस कार्यले आगामी दिनमा अझै नयाँनयाँ सामग्री उत्पादन गर्नतर्फ ऊर्जा मिलेको छ।" नगरपालिकाभित्रका विभिन्न ठाउँबाट तथा अन्यत्रबाट नगरपालिकाको भ्रमणमा आउनेले नगरपालिका परिसरमा निर्माण गरिएको कोसेली घरमा राखिएका सामग्रीको अवलोकन गर्ने र मन परेका सामग्री खरिद गरेर लैजाने गरेका छन्।

# भानुभक्त प्राणी उद्यान: जग्गा अधिग्रहणका लागि ४६ करोड

**-कृष्ण न्यौपाने**
**दमौली, ३ बैशाख (रासस)**

तनहुँको व्यास नगरपालिका-१२ छिर्केनेस्थित भानुभक्त प्राणी उद्यानले जग्गा अधिग्रहणको कामलाई अगाडि बढाएको छ।

रैथाने र गैररैथाने वन्यजन्तुको संरक्षण गर्ने, वन्यजन्तु संरक्षणमार्फत आमोदप्रमोद प्रदान गर्ने, वन्यजन्तुको वैज्ञानिक अध्ययन अनुसन्धान गर्ने उद्देश्यसहित स्थापना भएको सो उद्यानले जग्गा अधिग्रहणको कामलाई अगाडि बढाएको हो । प्राणी उद्यानले व्यास नगरपालिका-११, १२, भानु नगरपालिका-५ र ६ का भाग समेटेको छ । उद्यानले अधिग्रहण गर्ने जग्गा, घरटहरा, खेतबारीको मुआब्जा निर्धारण गर्ने काम सकिएको संरक्षण अधिकृत भोजराज पन्थले जानकारी दिनुभयो । उहाँका अनुसार यस कार्यका लागि कूल रु ४६ करोड ५२ लाख एक हजार ७३० बजेट आवश्यक पर्छ । जग्गाको मुआब्जा वितरणका लागि अर्थमन्त्रालयमा फाइल पठाइएको र बजेट स्वीकृत भएर आएपछि मुआब्जा वितरणको काम सुरु हुने उहाँले बताउनुभयो।

"प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको मुआब्जा निर्धारण समितिले जग्गाको मूल्याङ्कन गरेर बजेटका लागि फाइल अर्थमन्त्रालयमा पठाएको छ, मन्त्रालयबाट बजेट प्राप्त भएपछि मुआब्जाको काम अगाडी बढाउँछौँ", पन्थले भन्नुभयो । प्राणी उद्यानभित्र परेका १२६ जग्गाधनीको ९६१ रोपनी जग्गा अधिग्रहण गरिनेछ । त्यसका लागि रु ४३ करोड ८७ लाख नौ हजार ४४३ मुआब्जा निर्धारण गरिएको छ । त्यस्तै उद्यानभित्र परेका घरटहराका लागि रु ५८ लाख सात हजार ५७९ र छुट भएका १६ जग्गाधनीको जग्गा अधिग्रहणका लागि रु दुई करोड छ लाख ८४ हजार ७०७ मुआब्जा निर्धारण गरिएको छ । प्राणी उद्यानको सीमानमा तारबार लगाउने काम भने सम्पन्न भइसकेको छ। उद्यानको विकासका लागि गुरुयोजना बनाइएको छ । गुरुयोजनाअनुसार यहाँ दुई इलाका, चार क्षेत्र र आठ शाखा कल्पना गरिएको छ । इलाकाअन्तर्गत संरक्षण इलाका र उपयोग इलाका रहनेछ । क्षेत्रअन्तर्गत प्रशासनिक, प्रदर्शनी, शान्ति र आध्यात्मिक तथा उद्धार र अनुसन्धान रहनेछ । शाखाअन्तर्गत ठूला शाकाहारी, शाकाहारी, पन्छी, सर्वहारी, सरीसृप, साना स्तनधारी, माँसाहारी र भालु शाखाको कल्पना गरिएको छ।

प्राणी उद्यान कूल ४२५ हेक्टर क्षेत्रफलमा फैलिएको छ । उद्यानले १३ वन क्षेत्रलाई समावेश गरेको छ । प्राणी उद्यान क्षेत्रभित्र पर्ने आठ सामुदायिक वन र पाँच कबुलियती वन गरी १३ वन क्षेत्र समावेश गरिएको छ । उद्यानले २९७.४७ हेक्टर संरक्षण इलाका र १२७.५३ उपयोग इलाका निर्धारण गरेको छ । संरक्षण इलाकाभित्र घना वन क्षेत्र, भिरालो र पहुँच नभएको क्षेत्र पर्दछ भने उपयोग इलाकाभित्र कम भिरालो, पानीका स्रोत पर्दछ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा प्राणी उद्यान घोषणा गर्ने प्रावधान भएकाले चुनौती देखा परेको संरक्षण अधिकृत पन्थले बताउनुभयो । प्राणी उद्यानले गुरुयोजनाबमोजिम कार्य सञ्चालन, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनमा प्राणी उद्यान स्थापना र व्यवस्थापनसम्बन्धी व्यवस्था गर्न पहल गर्ने विषयलाई प्राथमिकतामा राखेको छ । स्रष्टा पदयात्रा काठमाडौको आयोजनामा तनहुँको प्रसिद्ध व्यासगुफादेखि पर्यटकीय नगरी बन्दीपुरसम्म पदयात्रा सुरु भएको छ । विभिन्न जिल्लाका साहित्यकारको सहभागितामा धार्मिकस्थल व्यासगुफादेखि पर्यटकीयस्थल बन्दीपुरसम्म पदयात्रा सुरु भएको हो । व्यासगुफामा आज आयोजित एक कार्यक्रममा व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले पदयात्रामा सहभागी साहित्यकारलाई विदाई गर्दै साहित्यका माध्यमबाट व्यास क्षेत्रको प्रचारप्रसार गरिदिन आग्रह गर्नुभयो । व्यास, पराशर, छाब्दीवाराही, तनहुँसुर, गलेखामकोटको संरक्षण र उजार गर्ने अभियानमा नगरपालिका क्रियाशील भएर लागेको बताउँदै उहाँले भन्नुभयो, "सांस्कृतिक र साहित्यिक पक्षको संरक्षण गर्न प्राज्ञसभा गठनको प्रक्रिया अगाडि बढाएका छौ ।" व्यासका अध्येता काशीनाथ न्यौपानेले श्रीकृष्ण द्वैपायनको रूपमा २८ औं व्यासको जन्म दमौलीमा भएको प्रमाण रहेको भन्दै यस क्षेत्रको उचित प्रचारप्रसार हुन नसकेको बताउनुभयो। व्यासभूमि दमौलीको प्रचारप्रसारका लागि लागेपनि यसको विकास हुन नसकेकाले सबैको सामूहिक प्रयास आवश्यक रहेकामा उहाँले जोड दिनुभयो।

व्यासगुफा र बन्दीपुरको पर्यटन, संस्कृति, पुरातत्व महत्वको प्रचारप्रसार गर्ने उद्देश्य सहित पदयात्रा सुरु भएको हो । विसं २०७३ सालमा सुरु भएको स्रष्टा पदयात्राको तनहुँको श्रृङ्खला ५७ औं हो । स्रष्टा पदयात्राले काठमाडौबाट यो अभियान सुरु गरेको मन्दिरा मधुश्रीले जानकारी दिनुभयो । "नयाँ नयाँ ठाउँ पुगेर रचना सिर्जना गर्ने र त्यसलाई पुस्तकमार्फत् प्रचारप्रसार गर्ने उद्देश्यसहित स्रष्टा पदयात्रा सुरु गरेका हौ", उहाँले भन्नुभयो।

स्रष्टा पदयात्रामा ११ साहित्यकारको सहभागिता रहेको छ । स्रष्टा पदयात्रामा साहित्यकार शीतल गिरी, पत्रकार तथा लघुकथाकार डिल्लीराम सुवेदी, कवि बसन्त रिजाल, कवि तथा गजलकार खोलाघरे साहिलो, साहित्यकार नवराज रिजाल लगायतको सहभागिता रहेको छ।

पदयात्रामा सहभागी हुने साहित्यकारको टोली आज बन्दीपुर पुग्नेछ । उक्त टोलीले आइतबार बन्दीपुरको अवलोकन गर्नेछ भने बन्दीपुरमा साहित्य गोष्ठि आयोजना गरिएको स्थानीय संयोजक डा. तुलसी प्रभास खनालले जानकारी दिनुभयो।

नयाँ नयाँ ठाउँमा पुगेर त्यस ठाउँको अध्ययन अवलोकन गरी साहित्यका माध्यमबाट उजागर गर्नु स्रष्टा पदयात्राको मुख्य उद्देश्य रहेको संस्थाका संयोजक शीतल गिरीले जानकारी दिनुभयो । "कुनैपनि कुरा आफैले हेरी जाँच पहिचान गरेर लेखेको तथ्यपरक हुने हुँदा हामी महिनामा एक पटक पदयात्रा गर्दै आएका छौ, पदयात्रा गर्दा हामी प्रत्येक यात्रामा साहित्यिक कार्यक्रम पनि गर्छौ", उहाँले भन्नुभयो, "यात्रा गरिएको स्थानको कला, संस्कृति अध्ययन गरी सिर्जनामा स्थान दिँदै आएका छौ।"

# बेनी-मालढुङ्गा सडक दैनिक पाँच घण्टा बन्द

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ३ बैशाख**

म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-मालढुङ्गा सडक स्तरोन्नतिका लागि आजदेखि दैनिक पाँच घण्टा बन्द गर्न थालिएको छ।

मालढुङ्गा-बेनी सडक निर्माणको कामलाई सहजरुपमा गति दिन २०७९ वैशाख २५ गतेसम्म दैनिक पाँच घण्टा सवारी आवतजावत बन्द गरिएको हो । बिहान ११ बजेदेखि अपराह्न ४ बजेसम्म मालढुङ्गा-बेनी सडकमा यातायात बन्द गरिएको बेनी-जोमसोम-कोरला सडक आयोजनाले जनाएको छ।

सवारी साधनको चापले सडक विस्तारको काम प्रभावित बनेपछि बेनी-जोमसोम-कोरला सडक आयोजना र निर्माण कम्पनी एपेक्स-खड्का कृष्ण जेभीले जिल्ला प्रशासन कार्यालयमा समय व्यवस्थापनको प्रस्ताव गरेका थिए । यसअघि गत पुस १५ देखि माघ १४ गतेसम्म पनि दैनिक पाँच घण्टा सवारी साधन बन्द गरिएको थियो।

बेनी-मालढुङ्गा सडक बन्द हुने समयमा बेनी-रत्नेचौर-बागलुङ हुँदै मालढुङ्गा जोड्ने वैकल्पिक सडक प्रयोग गर्न सकिनेछ । एम्बुलेन्स र बिरामी बोकेका सवारी साधन तथा विकास निर्माणका अत्यावश्यक सवारी साधन सञ्चालनमा भने सहजीकरण गरिने भएको छ।

एपेक्स-खड्का कृष्ण जेभीको सहायक ठेकेदार कम्पनी ओमकारेश्वरका सञ्चालक अमृत दाहालले सडक निर्माणलाई तीव्रता दिन सवारी साधन रोकेर काम गर्न समय मागिएको बताउनुभयो । कुश्मा नगरपालिका-१ मा पर्ने मालढुङ्गादेखि जलजला गाउँपालिकाका ८, ७, ४ र ३ नम्बर वडा हुँदै म्याग्दीको सदरमुकाम बेनी जोड्ने १३ किलोमिटर सडक बिस्तार, सुधार गरी दुई लेनको बनाउन काम भइरहेको छ।

मालढुङ्गा-बेनी सडक चीन र भारत जोड्ने नेपालको सबैभन्दा छोटो सडक कालीगण्डकी करिडोरअन्तर्गत पर्छ । विसं २०७७ चैतमा रु ५२ करोड ८६ लाखमा ठेक्का सम्झौता गरेको निर्माण कम्पनीले विभिन्न खण्डमा मजदूर र उपकरण परिचालन गरेर सडक विस्तार, पर्खाल र नाली निर्माणको काम गरिरहेको छ । हाल कालोपत्रसहित करिब छ मिटरको हाराहारीमा रहेको सडकलाई नौ मिटर चाक्लो बनाएर एक मिटरको नाली र दुई लेनमा आठ मिटर चौडाइका दरले अमेरिकी आक्सपाल्ट प्रविधिको कालोपत्र गर्न लागिएको हो । विसं २०४८ 'कामका लागि खाद्यान्न' कार्यक्रमअन्तर्गत सुरु गरेर २०५२ मा मार्ग खुलेको र २०६८ मा कालोपत्र भएको मालढुङ्गा-बेनी सडक पछिल्लो समय जीर्ण अवस्थामा थियो।

सहायक सडक र पाखोबाट खस्ने पहिरो तथा खोलामा आउने बाढीले सवारी साधन आवतजावत प्रभावित हुने गरेका छन् । बर्खामा पहिराले दैनिकजसो अवरुद्ध हुने सडकमा यात्रा गर्दा धेरै समय लाग्ने, गाडी परिवर्तन गर्दा झन्झट हुने, दुर्घटनाको जोखिम र सास्ती भएको छ । म्याग्दी र मुस्ताङका साथै पर्वतको जलजला गाउँपालिकाका बासिन्दाले प्रयोग गर्ने मालढुङ्गा-बेनी सडक पर्यटकीय, व्यापारिक र धार्मिक हिसाबले सम्भावनायुक्त छ।

# सडक योजना अलपत्र

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३ बैशाख**

स्थानीय तहलाई पक्की सडकमार्फत प्रदेश राजधानीसँग जोड्ने सरकारको लक्ष्यअनुरुप कालोपत्रका लागि छनोट भएको सडक योजना अलपत्र परेको छ।

ताराखोला गाउँपालिकाको केन्द्र अर्गललाई जोड्ने रिजालचोक-अमरभूमि-अर्गल सडक खण्ड कालोपत्र हुने छाँटकाट देखिएको छैन । स्थानीय पूर्वाधार आयोजना विकास कार्यालयको आयोजना छनोट समितिले गत वर्ष नै उक्त सडक कालोपत्रका लागि छनोट गरेको थियो।

गाउँपालिकाका अध्यक्ष प्रकाश घर्तीले निर्णय भए पनि योजना कार्यान्वयन अन्योलमा परेको बताउनुभयो । "सडक कालोपत्रका लागि छनोटमा परे पनि अरु कामले गति लिन सकेन, केही सुरसार देखिन्न", उहाँले भन्नुभयो, "सरकारले चासो नलिएपछि योजना ओझेलमा परेको छ।" सरकारले गरेको बजेट कटौतीको मारमा उक्त सडक पनि परेको हुनसक्ने अध्यक्ष घर्तीको बुझाइ छ । स्थानीय पूर्वाधार आयोजना विकास कार्यालय, गण्डकीका प्रमुख कुमार थापाले सो योजना सुसुप्त अवस्थामा रहेको बताउनुभयो।

"थुप्रै सडकको बजेट कटौती भएको छ, यो योजना पनि प्राथमिकता नपरेका कारण कुनै काम अघि बढ्न सकेको छैन", उहाँले भन्नुभयो । त्यस प्रकृतिका सडक योजनाको कार्यान्वयन सङ्घ र प्रदेश सरकारले गर्ने भन्नेमा पनि अन्योलता छ।

कार्यालय प्रमुख थापाले आफूले पनि प्रदेश सरकारलाई जिम्मेवारी दिने विषयमा छलफल भइरहेको थाहा पाए पनि विस्तृतमा जानकारी नभएको बताउनुभयो । उहाँले बजेटको सुनिश्चितता भए सडक कालोपत्रको प्रक्रिया अघि बढ्ने उल्लेख गर्नुभयो । उहाँसहित भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयका सिनियर डिभिजन इञ्जिनीयर र गाउँपालिकाका प्रतिनिधि रहेको छनोट समितिले २० किमी दूरीको उक्त सडकलाई कालोपत्रका लागि छनोट गरी केन्द्रमा सिफारिस गरेको थियो । विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाएर छिट्टै कालोपत्र थालिने जनाइए पनि योजना नै अलपत्र पर्नु दुःखद रहेको गाउँपालिका अध्यक्ष घर्तीले बताउनुभयो । वर्षौंदेखिको कच्ची सडक कालोपत्र हुने खबरले त्यसबेला स्थानीयवासीमा पनि खुसी छाएको थियो।

योजनाको टुङ्गो नै नलागेपछि अहिले फेरि गाउँलेले गुनासो गर्न थालेका छन् । गाउँपालिकाले त्यस सडकलाई 'सहिद मार्ग' का रुपमासमेत नामकरण गरेको छ । जनयुद्धका बेला तत्कालीन माओवादी कार्यकर्ता र जनसमुदाय मिलेर उक्त सडकको मार्ग खोलेका थिए । राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी पुष्पलाल लोकमार्गमा पर्ने काठेखोला गाउँपालिका-५ रिजालचोकदेखि उत्तर-पश्चिम हुँदै सो सडक ताराखोलाको केन्द्र अर्गलमा जोडिन्छ । उक्त खण्ड कालोपत्रका लागि झण्डै रु ७० करोडको लागत अनुमान गरिएको छ।

योजना कार्यान्वयनमा आए सङ्घ सरकारको ७०, प्रदेशको १० र गाउँपालिकाको २० प्रतिशत लागत साझेदारी रहने जनाइएको छ । मार्ग खुलेको वर्षौं बित्दासमेत सो सडक कालोपत्र हुन सकेको छैन । गाउँपालिकाले आफ्नै बजेटबाट मर्मत तथा सुधार गर्दै आएको छ । वर्षायाममा त सडक जीर्ण नै बन्छ। उक्त सडकमा जोखिम उठाएर यात्रा गर्नुपर्ने स्थिति छ। पक्की सडकसँग जोडिएमा यात्रुको आवतजावत सहज हुनाका साथै ताराखोलाको स्थानीय उत्पादनलाई बजारीकरण गर्न सघाउन पुग्ने देखिएको छ। कृषि, पशु र वनजन्य उपजका दृष्टिले ताराखोला जिल्लामै धनी छ। अहिले पनि त्यहाँका मौलिक उत्पादन बाहिर निर्यात भइरहेका छन् । स्तरहीन सडकका कारण अहिले ताराखोलादेखि सदरमुकाम आउन घण्टौंको यात्रा तय गर्नुपर्छ । सडक कालोपत्र भएमा भने लोकमार्ग हुँदै प्रदेश राजधानी पोखराको यात्रा सहज र छरितो हुनेछ।

# 'कार्यकारी महिला, कामकाजमा सजिलो'

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३ बैशाख**

स्थानीय तह गठन हुनुपूर्व गाउँ विकास समितिको कार्यालयमा आफ्ना ससाना समस्या सुनाउन अप्ठ्यारो मान्ने धनमाया विक अहिले खुलेर योजना माग्नुहुन्छ । महिलाका लागि आवश्यक तालिम, कृषिका लागि आवश्यक उपकरण र अरु योजना माग्न धनमाया निर्धक्क वडा कार्यालय पुग्ने गर्नुभएको छ।

बागलुङका काठेखोला गाउँपालिका-८ लेखानीकी धनमाया मात्रै होइन, यहाँका महिला वडा कार्यालय पुगेर खुलेर आफ्ना कुरा राख्छन् । वडाले विनियोजन गर्ने योजना मात्रै होइन, सिफारिसका सेवा लिन पुरुषको तुलनामा महिला नै बढी पुग्ने गरेका छन् । विसं २०७४ को स्थानीय तहको निर्वाचनका बेला जिल्लाका ८५ वडामध्ये दुई वटा वडामा महिला अध्यक्ष निर्वाचित हुनुभयो । दुई महिलामध्येकी हुनुहुन्छ, वडाध्यक्ष चित्रकला छन्त्याल । छन्त्याल निर्वाचित भएपछि वडामा पुगेर आफ्ना माग राख्न र काम गर्न सजिलो भएको धनमाया बताउनुहुन्छ । "पुरुषको तुलनामा महिला प्रमुख हुँदा हामी महिलालाई धेरै सजिलो हुने, कम्तीमा आफ्ना समस्या खुलेर राख्न पाइन्छ", उहाँ भन्नुहुन्छ, "कतिकुरा पुरुषलाई भन्न सकिँदैन, महिलालाई सहजै भन्न सकिन्छ, म मात्रै होइन धेरै बोल्नै नसक्ने महिला वडाध्यक्षसँग निर्धक्क कुरा गर्छन् ।"

बागलुङ नगरपालिका-३ की सीता शर्मा गौतमलाई पनि महिला वडाध्यक्ष हुँदा निकै खुसी लागेको थियो । पाँच वर्ष समय बितिसक्दा उनले वडाध्यक्षको कार्यकक्षमा पुगेर कहिलै आफ्ना भनाइ नराखी फर्किनुपरेन । वडाध्यक्ष लक्ष्मी बास्कोटा जिल्लाका दुई वडाध्यक्षमध्येकी अर्की हुनुहुन्छ । पालिकाका उपप्रमुखमा केही पालिकामा महिला भए पनि जनतासँग नजिकको सरकार वडामा महिलाको उपस्थिति कम छ । स्थानीय तहको निर्वाचन नजिकिँदै गर्दा वडादेखि पालिकाको नेतृत्वसम्म उमेदवारको चर्चा सुरु भएको छ तर, विडम्बना अधिकांश वडा र पालिकामा संविधानले व्यवस्था गरेबाहेकका पदमा महिलाको चर्चा कम छ । "हामी नेतृत्व गर्न तयार छौँ, काम गर्न सकिन्छ भन्ने लाग्छ", काठेखोला गाउँपालिका-८ की वडाध्यक्ष चित्रकला छन्त्याल भन्नुहुन्छ, "महिलालाई उम्मेदवार बनाउन दलहरू किन हिच्किचाउँछन् थाहा छैन ।" वडा तहमा नेतृत्व गरिसकेका महिलालाई स्थानीय तहको माथिल्लो तहमा पुऱ्याउनुपर्ने महिला नेतृ बताउँछन् । नेकपा एमाले निकट अखिल नेपाल महिला सङ्घले आफ्नो छैटौं अधिवेशनबाट कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न माग गरेको छ । अखिल नेपाल महिला सङ्घजस्तै विभिन्न पार्टी निकट महिलाका सङ्गठनले माग गर्ने गरेका भए पनि उम्मेदवार छनोटको प्रारम्भिक चित्र हेर्दा यो पटक पनि महिलाको सहभागिता कम हुने निश्चितजस्तै छ । प्रतिपक्षी दल एमालेसहित सत्ता गठबन्धले वडा र पालिका तहमा चलाइरहेको छलफल र उम्मेदवारका आकाङ्क्षीमा महिलालाई हेर्दा सहभागिता कम हुने देखिएको हो । सबै पार्टीमा उम्मेदवारको अन्तिम टुङ्गो नलागेकाले अन्तिमसम्ममा महिलाको सहभागिता सुनिश्चित गर्न महिला नेतृले भने माग गरिरहेका छन् ।

# बन्दीपुर सडक खाना महोत्सवमा ५० हजार पर्यटक

**पोखरापत्र संवाददाता**
**दमौली, ३ बैशाख**

तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा सञ्चालित सडक खाना महोत्सवमा करिब ५० हजार पर्यटकले अवलोकन गरेका छन् । नयाँ वर्षका अवसरमा तीन दिनसम्म सञ्चालन भएको महोत्सवका ५० हजार पर्यटक बन्दीपुर पुगेका हुन् ।

चैत ३० गतेदेखि सुरु महोत्सव शुक्रबार सकिएको छ । महोत्सव अवलोकनका लागि ५० हजार पर्यटक बन्दीपुर पुगे पनि बेलुका बास बस्ने पर्यटकको सङ्ख्या भने न्यून रहेको बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसन प्रधानले जानकारी दिनुभयो । "दिउँसो आउनेको सङ्ख्या अत्यधिक रह्यो, तीन दिनको अवधिमा बन्दीपुरमा पर्यटकको भीड रह्यो, बास बस्नेको सङ्ख्या भने कमै भयो", प्रधानले भन्नुभयो । उहाँका अनुसार बास बस्ने पर्यटकको सङ्ख्या दैनिक दुई हजार रहेको थियो । बन्दीपुर पर्यटन विकास समिति, क्षेत्रीय होटल व्यवसायी सङ्घ बन्दीपुर र तनहुँ उद्योग वाणिज्य सङ्घ बन्दीपुरको संयुक्त आयोजनामा महोत्सव सञ्चालन गरिएको थियो । बन्दीपुरमा अहिले पर्यटकको उत्साहजनक आगमन नभए पनि नयाँ वर्षसँगै पर्यटकको आगमन वृद्धि हुनेमा व्यवसायी विश्वस्त छन् । सडक खाना महोत्सवमा स्थानीय चुड्का, कौरा, डोको, लाखे नाच प्रदर्शन गरिनुका साथै 'दि इन्ट्रो व्याण्ड' को प्रस्तुति रहेको थियो । बन्दीपुरमा होटल सङ्घसँग आबद्ध सानाठूला गरी ७७ होटल सञ्चालनमा छन् । बन्दीपुरमा ग्रिनपार्क, होटल दरबार हिमालय फेवा, गामघर, बोल्डइन, बन्दीपुर माउण्टेन रिसोर्ट, बन्दीपुर प्यालेस, मगर भिजेललगायत होटल सञ्चालनमा छन् ।

बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरिलगायतका हिमशृङ्खला देखिन्छन् । भक्तपुरे शैलीमा निर्माण गरिएका घर, टुँडिखेल, थानीमाई, तीनधारा, रानिवन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायतका स्थलमा आउने पर्यटकको आकर्षणको केन्द्रबिन्दु बन्ने गरेको छ । सदरमुकाम दमौलीदेखि १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ।

# किसानलाई अनुदान

**पोखरापत्र संवाददाता**
**तनहुँ, ३ बैशाख**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँले दुग्ध उत्पादक किसानलाई नगद अनुदान वितरण गर्न शुरु गरेको छ । साना दुग्ध व्यवसायी किसानलाई प्रतिलिटर दुई रुपैया ५० पैसार ठूलालाई बढीमा एकमुष्ट आठ लाख ७५ रुपैयाका दरले अनुदान वितरण गर्न शुरु गरेको हो ।

यस वर्ष ११ दुग्ध सहकारी मार्फत पहिलो चौमासिकमा रकम निकासा गरिएको सो कार्यालयले जनाएको छ । गतवर्ष रु.४५ लाख अनुदान रकम वितरण गरेकोमा यस वर्ष बजेट कटौती भएर आएको कार्यालयका प्रमुख डा.बालकृष्ण श्रेष्ठले जानकारी दिनुभयो । जिल्लाका ११ दुग्ध सहकारी मार्फत अनुदान वितरण कार्य थालेको र असार १५ भित्र निवेदन आएकालाई अनुदान प्रदान गरिने उहाँले बताउनुभयो । दुग्ध उत्पादक किसानलाई प्रोत्साहन गर्न उत्पादनको आधारमा अनुदान कार्यक्रम ल्याएको कार्यालयका प्रमुख डा. श्रेष्ठले जानकारी दिनुभयो । किसानलाई प्रोत्साहन गर्न दुधमा प्रतिलिटर अनुदान कार्यक्रम लागु गरेपछि जिल्ला दुधमा आत्मनिर्भर बनेको उहाँले बताउनुभयो । जिल्लामा वार्षिक तीन हजार आठ सय मेट्रिक टन दूध उत्पादन हुँदै आएकोले बाह्य जिल्लामा समेत निर्यात हुन थालेको छ । प्रतिवर्ष प्रतिव्यक्ति ९१ लिटर दुध आवश्यक पर्ने भएपनि अहिले प्रतिव्यक्ति ११७ लिटर प्रति व्यक्ति क्षमता पुगेको छ । त्यसैगरी मासु ४६६ मेट्रिक टन, अण्डा दुई करोड ६० लाख वटा,दूध तीन हजार आठ सय मेट्रिक टन वार्षिक उत्पादन हुँदै आएको उहाँले बताउनुभयो । मासुमा जिल्ला आत्मनिर्भर भइसकेको छ भने बाह्य जिल्लामा निर्यातको प्रयास भैरहेको छ । अण्डा पनि बाह्य जिल्लामा निर्यात हुन थालेको कार्यालय प्रमुख डा.श्रेष्ठले जानकारी दिनुभयो।